नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

कास्की

(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

फोन नं : ०६१-४६१७६४ (प्र.जि.अ. सचिवालय)
०६१-४६५०७५ (प्रशासन शाखा)
०६१-४६५९३६ (नागरिकता शाखा)
फ्याक्स : ०६१-४६१९६२
Email: daokaski@gmail.com
www.daokaski.moha.gov.np

पत्र संख्या :- प्र. ०७९/८०
चलानी नं : १२८

मिति : २०७९/०५/०५ गते।

श्री पोखरा महानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, कास्की ।
श्री अन्नपूर्ण/मादी/माछापुच्छ्रे/रुपा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, कास्की ।

**विषय : सिफारिस सम्बन्धमा।**

प्रस्तुत विषयमा तहाँ पालिका तथा मातहतका कार्यालयहरुबाट नागरिकता लगायतका सिफारिसहरु पठाउँदा अनिवार्य रुपमा देहाय बमोजम गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ।

**देहाय**

१. हाल सम्पन्न स्थानीय निर्वाचनबाट नयाँ पदाधिकारी चयन भै कार्य आरम्भ समेत भई सकेको हुँदा आधिकारिकताको लागि नयाँ पदाधिकारीहरुको दस्तखत नमूना प्रमाणित गरी पठाइदिनुहुन ,

२. वडा अध्यक्ष उपस्थित हुन नसकि कार्यवाहकले कागजातहरु प्रमाणित गरी पठाउँनु पर्ने भएमा कार्यवाहक तोकिएको पत्रसमेत पठाउँनुहुन ,

३. Citizenship Management Information System (CMIS) व्यवस्थापन बमोजिम नयाँ नागरिकता, नागरिकता प्रतिलिपी सिफारिस लगायतका कागजातहरु स्क्यान गरी अनिवार्य रुपले राख्नु पर्ने हुँदा अनुसूचि सिफारिस गर्दा कतिपय निकायबाट ठूलो र लुज पेपरमा सिफारिस भै आउने गरेकाले कागजात स्क्यान गर्दा च्यातिने, अभिलेख राख्न कठिनाई भएको हुँदा अनिवार्य रुपमा A4 Size को गुणस्तरीय कागजातमा सिफारिस गरी पठाईदिनुहुन,

४. नावालक परिचय पत्रको लागि सिफारिस गर्दा तोकिएको ढाँचामा नेपाली कागजमा सिफारिस गरी पठाउँनुहुन,

५. दुई नामथर प्रमाणित, पेन्सन सिफारिस लगायतका अन्य यस कार्यालयवाट सिफारिस गर्नु पर्ने कागजातहरुलाई तहाँबाट सिफारिस गरी पठाउँदा यस कार्यालयको नाममा संबोधन गरी पठाउँनुहुन ,

६. नयाँ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६ लागू भै पञ्जीकरण कार्य स्थानीय तहबाट हुँदै आएकोमा कतिपय तहबाट ऐनले निर्दिष्ट गरे बमोजिमको अनुसूचिको ढाँचामा घटना दर्ता तथा छाप समेत प्रयोग भै आएको नपाइएको हुँदा अनिवार्य रुपले ऐनले निर्दिष्ट गरे बमोजिमको अनुसूचि तथा छाप प्रयोग गरी पठाई दिनुहुन।

७. नागरिकताको अनुसूचिमा वडा कार्यालयको छाप नलगाई, सिफारिसकर्ताको दस्तखत नभई समेत कागजात आएको पाईएकोले तोकिएको स्थानमा तत् बमोजिम छाप, दस्तखत र नाम खुल्ने गरी प्रमाणीकरण गरी पठाउनुहुन,

८. विपद्‌को सिफारिस गर्दा वडाबाट सिधै सिफारिस भई आउदा दोहोरो पर्ने र अनावश्यक श्रोतको खर्च पर्ने भएकोले वडाबाट पालिकामा सिफारिस गरी सम्बन्धित पालिकाबाट आएका सिफारिसलाई मात्र मान्यता दिने यस अघि भएको विपद् व्यवस्थापन समितिको बैठकको निर्णानुसार गर्नु गराउनुहुन,

९. राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको च.नं. १४९ मिति २०७९।०४।२३ को परिपत्र बमोजिम राष्ट्रिय परिचय पत्र, राहदानी, नागरिकता वा अन्य सिफारिस गर्दा पन्ध्र अंकको घटना दर्ता परिचयपत्रलाई मात्र स्वीकार गर्न सकिने भएकोले पुराना घटना दर्ता अभिलेखलाई अनिवार्य रुपमा अनलाईन प्रणालीमा लाने व्यवस्था हुन।

दिपक रेग्मी
प्रशासकीय अधिकृत